महालक्ष्मी विकास बैंक लि.
Mahalaxmi Bikas Bank Ltd.
सबल बैंक, सफल सहकार्य

Business Connect MOST CUSTOMER-CENTRIC BANK OF THE YEAR 2025

BPA 2018 | SAFA 2018 | L&D BFIN 2023 | ISO 9001:2015 CERTIFIED COMPANY

# महालक्ष्मी बुलेटिन

वर्ष ६, अंक २४



## Vision दुरदृष्टि

To become "The Most Trusted Bank" to the customers, to the employees, to the stakeholders and to the regulators through the process of continuous innovation and improvement, strong corporate governance and professional work culture.

निरन्तर नविनतम खोज तथा सुधार, बलियो संस्थागत सुशासन तथा व्यवसायिक कार्य संस्कृतीको माध्यमबाट ग्राहकवर्ग, कर्मचारी, सरोकारवाला तथा नियमनकारी निकायहरु बीच सबैभन्दा विश्वासिलो बैंकको रुपमा स्थापित हुने ।

## Mission मिसन

Our Mission is to offer safety of deposits & render best services to the customers, build the best place to work with, provide best & perpetual returns to the stakeholders with the strict compliance to the regulations.

नियमनकारी निकायबाट जारी नियामकीय निर्देशनको पुर्ण रुपमा अनुपालना गर्दै निक्षेपको सुरक्षण प्रदान गर्ने, ग्राहकलाई विशिष्ट सेवा प्रदान गर्ने, बैंकलाई उत्तम कार्यथलोको रुपमा विकसित गर्ने तथा शेयरधनीहरुलाई सदैव उचित प्रतिफल प्रदान गर्ने ।

## Objectives उद्देश्यहरु

- Provide excellence in customer service by proactive approach.
- Sell financial products that are competitively priced.
- Continue business in an ethical, transparent and responsible manner, becoming the role model of corporate governance.
- Deliver strong financial and operational efficiency by implementing cutting edge technology.
- Continuously improve the asset quality to obtain sustainable returns.
- Apply cost effective approach to reduce operational expenses.
- Adopt professional approach in effectively managing financial as well as non-financial risks.
- Build a Centre for career growth to performing employees.
- Maximize profitability by working under the guideline of regulators and internal policies/ guideline.

- पुर्व सक्रियताको माध्यबाट ग्राहक सेवामा विशिष्टता प्रदान गर्ने ।
- प्रतिस्पर्धी बजार मुल्यमा वित्तीय सेवा प्रदान गर्ने ।
- व्यवसायमा नैतिकता, पारदर्शीता तथा उत्तरदायित्वलाई निरन्तर आत्मसाथ गर्दै संस्थागत सुशासनमा नमुनाको रुपमा प्रस्तुत हुने ।
- अत्याधुनिक प्रविधिको प्रयोग गरी बलियो वित्तिय तथा सञ्चालन प्रभावकारिता प्रदान गर्ने ।
- दिर्घकालीन प्रतिफल आर्जन गर्न सम्पत्ति गुणस्तरमा निरन्तर सुधार गर्ने ।
- वित्तीय तथा गैह्र वित्तीय जोखिम प्रभावकारी रुपमा ब्यवस्थापन गर्न व्यवसायिक पद्धतीको अवलम्बन गर्ने ।
- लागत प्रभावकारिताको माध्यमाबाट सञ्चालन खर्च कम गर्ने ।
- कुशल कार्य प्रर्दशन गर्ने कर्मचारीहरुलाई वृति विकासको लागि केन्द्र निर्माण गर्ने ।
- नियमनकारी निकायहरुबाट जारी गरिएका मार्गदर्शन तथा आन्तरिक निति/मार्गदर्शन भित्र रही नाफा वृद्धि गर्ने ।

## Corporate Values संस्थागत मूल्यहरु

- Customer Centric
- Respecting all forms of diversity
- Committing towards high level of ethics, governance and professionalism
- Focusing towards innovation
- Being accountable for all our actions

- ग्राहक केन्द्रित
- सबै प्रकारको विविधताको सम्मान
- नैतिकता, सुशासन तथा व्यवसायिकता प्रति उच्तम प्रतिबद्धता
- नवप्रवर्तन प्रति जोड
- हाम्रो सबै कार्य प्रति हामी सबै उत्तरदायी

# Financial Highlights

**As on Chaitra End 2081**

**As per Unaudited Financial Report (Amount in NPR)**

**Deposit**
Chaitra 2081: 53.86 Arba
Chaitra 2080: 54.58 Arba
Change: -1.32%

**Loan (NET)**
Chaitra 2081: 47.08 Arba
Chaitra 2080: 46.08 Arba
Change: 2.17%

**Balance Sheet Size**
Chaitra 2081: 62.72 Arba
Chaitra 2080: 62.91 Arba
Change: -0.29%

**Number of Deposit Account**
Chaitra 2081: 811,917
Chaitra 2080: 766,799
Change: 5.88%

**Net Profit**
Chaitra 2081: 43.65 Crore
Chaitra 2080: 37.35 Crore
Change: 16.87%

**NPL %**
Chaitra 2081: 4.99%
Chaitra 2080: 4.16%
Change: 0.83%

**Operation Profit**
Chaitra 2081: 62.81 Crore
Chaitra 2080: 53.21 Crore
Change: 18.06%

**Number of Loan Accounts**
Chaitra 2081: 20,925
Chaitra 2080: 23,234
Change: -10%

**Reserve**
Chaitra 2081: 2.58 Arba
Chaitra 2080: 2.24 Arba
Change: 14.73%

**Profit Before Tax**
Chaitra 2081: 62.36 Crore
Chaitra 2080: 53.36 Crore
Change: 16.87%

**Net Worth Per Share**
Chaitra 2081: 163.86
Chaitra 2080: 156.28
Change: 4.85%

**Earnings Per Share (Annualized)**
Chaitra 2081: 13.55
Chaitra 2080: 11.94
Change: 13.46%

**Net Operating Income**
Chaitra 2081: 149.90 Crore
Chaitra 2080: 131.67 Crore
Change: 13.85%

**Number of ATMs**
49

**Number of Branches**
103

# महालक्ष्मी विकास बैंकको दुई दिने कार्यगोष्ठी/सेमिनार सम्पन्न




महालक्ष्मी विकास बैंकले मिति २०८१ फागुन १५ गते देखि २०८१ फागुन १६ गतेसम्म काठमाण्डौंको बढानिलकण्ठमा संस्थाका उच्च व्यवस्थापन तहका पदाधिकारीहरु, विभागीय प्रमुखहरु, प्रदेश प्रमुखहरु, केन्द्रिय कार्यालयका कर्मचारीहरु र शाखा प्रबन्धकहरुको उपस्थितिमा "Leadership, Mindfulness and Team Building" नामक दुई दिने कार्यगोष्ठी/सेमिनार सम्पन्न गरेको छ ।

उक्त कार्यगोष्ठी/सेमिनारको मुख्य उद्धेश्य सजगता र समुह निर्माणमा सशक्त रुपमा प्रेरित गर्दै कार्यक्रममा सहभागी सम्पुर्ण सहभागीहरुको सकरात्मक सोच र रणनितिक प्रगतिलाई जोड दिने रहेको थियो । साथै आगामी दिनहरुमा अवलम्वन गर्नुपर्ने कार्यदिशाका सम्बन्धमा छलफल भएको र यस अवस्थामा बैंकको व्यवसाय विस्तार, ग्रहकहरुको हकहित संरक्षण र उत्कृष्ट सेवा प्रदान गर्न सबै तहका कर्मचारीहरुको सामुहिक प्रयत्न आवश्यक रहने निचोडका साथ सम्पन्न भएको थियो । साथै यस आर्थिक वर्ष २०८१/८२ को बाँकी रहेको समयलाई अधिकतम उपयोग गरी बैंकको समग्र व्यवसाय विस्तारलाई कसरी अगाडि बढाउने भन्ने सम्बन्धमा व्यापक छलफल भएको थियो । उक्त कार्यगोष्ठी/सेमिनारमा कर्मचारीहरुको सामुहिक एकता, सक्षम नेतृत्व र उच्च मनोबल नै सफलताका महत्वपुर्ण आधारशिला हुन भन्ने सम्बन्धमा व्यवहारिक प्रशिक्षण समेत प्रदान गरिएको थियो ।

# महालक्ष्मी विकास बैंक द्वारा वातावरण र संस्कृति, सम्पदा संरक्षण तथा दिगो बैंकिङका लागि वाकाथन सम्पन्न



महालक्ष्मी विकास बैंकले मिति २०८१ फागुन १५–१६ गते बैंकको वार्षिक कार्यक्रम तथा दुई दिने कार्यशाला अन्तर्गत दिगो बैंकिङ्ग, संस्कृति तथा सम्पदा संरक्षणको नारा आत्मसाथ गर्दै बुढानिलकण्ठ नगरपालिका वडा नं. १ तथा बुढानिलकण्ठ मन्दिर क्षेत्रमा वातावरणीय तथा सांस्कृतिक सम्पदा संरक्षण वाकाथन को सफल आयोजना गर्दै दिगो बैंकिङ्गप्रति आफ्नो प्रतिबद्धता जाहेर गरेको छ ।

बैंकका उच्च पदस्थ अधिकारी, कर्मचारी, र सरोकारवालाहरूको सक्रिय सहभागितामा सम्पन्न उक्त वाकाथनले वातावरणीय उत्तरदायित्व र सांस्कृतिक सम्पदाको सुरक्षा जस्ता महत्वपुर्ण विषयहरूलाई प्राथमिकतामा राखी विशेष र्‍यालीको आयोजना गरिएको हो ।

बैंकिङ्ग क्षेत्रले दिगो वित्तीय अभ्यासहरू अपनाउनुपर्छ भन्ने सन्देश प्रवाह गर्न वाकाथनका सहभागीहरू ऐतिहासिक तथा पर्यावरणीय दृष्टिले संवेदनशील मार्गहरू हुँदै अघि बढेका थिए। यस अवसरमा हरित बैंकिङ र दिगो वित्तीय रणनीति को आवश्यकतामाथि समेत विशेष जोड दिइएको थियो।

# महालक्ष्मी विकास बैंक ग्राहक केन्द्रित बैंकको रुपमा अन्तर्राष्ट्रिय अवार्डबाट सम्मानित




ग्राहकहरुलाई अत्याधुनिक, सुरक्षित तथा सहज डिजिटल बैंकिङ्ग सुविधा उपलब्ध गराइरहेको महालक्ष्मी विकास बैंक भारतको प्रतिष्ठित म्यागजिन "विजनेश कनेक्ट" द्वारा ग्राहक केन्द्रित बैंकको अन्तराष्ट्रिय अवार्डबाट सम्मानित भएको छ।

निरन्तर रुपमा ग्राहक सेवालाई विशिष्टीकृत गर्दै लगेको, ग्राहक सन्तुष्टिलाई पहिलो प्राथमिकतामा राखेको, ग्राहकहरुलाई अत्याधुनिक, सुरक्षित तथा सहज बैंकिङ्ग सुविधा उपलब्ध गराएको तथा ग्राहकहरुलाई सुरक्षित र अत्याधुनिक डिजिटल सुविधाहरु उपलब्ध गराउन बैंकले निर्वाह गरेको भुमिकाको मुल्याङकन गर्दै उक्त म्यागजिनले सम्मान गरेको हो।

विजनेश कनेक्ट म्यागजिन व्यवसायसँग सम्बन्धित विभिन्न नवप्रवर्तनशील विचारहरु तथा प्रभावशाली व्यवसायिक व्यक्ति तथा संस्थाहरुको कभर स्टोरीहरुलाई प्राथिमकताका साथ प्रकाशन गर्दै आईरहेको छ। यस सम्मानको प्राप्ती सँगै ग्राहक सेवा प्रणालीलाई अझ प्रभावकारी बनाउँदै आगामी दिनहरुमा वित्तीय पहुँच बाट बाहिर रहेका आम नेपाली नागरिकहरुलाई समेत बैंकिङ्ग प्रणाली भित्र ल्याउन सकिने तथा अर्न्तराष्ट्रिय क्षेत्रमा बैंकको पहिचान स्थापित गर्न सहयोग पुग्ने विश्वास बैंकले लिएको छ।

# महालक्ष्मी विकास बैंक र डोल्मा कन्सल्टेन्सी लि.बीच असुली प्रणाली सुदृढ बनाउन सम्झौता




महालक्ष्मी विकास बैंक र डोल्मा कन्सल्टेन्सी लि.बीच कर्जा असुली सम्बन्धमा असुली परामर्शदाताको रुपमा कार्य गर्ने गरी तथा कर्जा असुली कार्यमा समेत सहजीकरण गर्ने गरी बैंकको केन्द्रीय कार्यालयमा एक कार्यक्रमका बीच सम्झौता भएको छ।

बैंक र डोल्मा कन्सल्टेन्सी लि. बीच भएको सम्झौता पश्चात बैंकले ऋण असुली सम्बन्धी कानुनी परामर्श, तालिम र ऋण असुलीको लागि प्रयोग गरिने अन्तराष्ट्रिय स्तरको सफ्टवेयरको प्रयोग गर्न सक्नेछ। डोल्मा कन्सल्टेन्सीले विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय बैंकहरुसंग बैङ्गिग सवलीकरण लागी सहकार्य गर्दै आएको छ। अनुभवी स्वदेशी तथा विदेशी विज्ञहरुद्धारा सञ्चालित डोल्मा कन्सल्टेन्सीसँगको सहकार्यले खराब कर्जा असुली प्रणाली सुदृढ बनाउन तथा खराब कर्जा ब्यवस्थापन गर्न बैंकलाई र कर्जा ग्राहकलाई थप सहज हुने विश्वास लिईएको छ।

# महालक्ष्मी विकास बैंकको नयाँ वर्षको अवसरमा ७.९९ प्रतिशतमै घर कर्जा




महालक्ष्मी विकास बैंकले नयाँ वर्ष २०८२ को अवसरमा ग्राहकहरुलाई लक्षित गरी महालक्ष्मी घर कर्जा एकल अंकको ब्याजदर ७.९९ प्रतिशतमा नै प्रदान गर्ने भएको छ।

नयाँ वर्ष २०८२ को अवसरमा बैंकिङ्ग क्षेत्रमा नै सस्तो तथा प्रतिस्पर्धी ब्याजदर कायम रहने गरी ग्राहकहरुलाई घर खरिद गर्न/ निर्माण गर्न /पुर्ननिर्माण गर्न तथा अपार्टमेन्ट खरिद गर्न बैंकले यस्तो कर्जा प्रदान गर्नेछ। यस्तो कर्जा वातावरणीय विशेषता पुष्टी गर्न सक्ने तथा नवीकरणीय वा दिगो स्रोतहरुको प्रयोग गरिएको हुनुपर्दछ। यस्तो कार्यबाट वातावरण संरक्षण गर्न, दिगो विकासको प्रबर्द्धन गर्न तथा नेपाल राष्ट्र बैंकको नियामकीय निर्देशनको पालना गर्न समेत सहयोग पुग्ने विश्वास बैंकले लिएको छ।

ग्राहकहरुलाई अत्याधुनिक, सुरक्षित तथा सहज डिजिटल बैंकिङ्ग सुविधा उपलब्ध गराइरहेको महालक्ष्मी विकास बैंकले हालै मात्र भारतको प्रतिष्ठित म्यागजिन "विजनेश कनेक्ट" बाट ग्राहक केन्द्रित बैंकको अन्तराष्ट्रिय अवार्ड प्राप्त गरेको छ भने मोबाइल एप्लिकेसनलाई समेत परिष्कृत गर्दै "महालक्ष्मी स्मार्ट साथी" सञ्चालनमा ल्याएको छ।

# महालक्ष्मी विकास बैंकद्वारा बचतमै मुद्धती सरहको ब्याज पाइने रिकरिङ्ग बचत खाता सञ्चालन

महालक्ष्मी विकास बैंकद्वारा बालबालिकाहरुको भोलिको दिनहरुमा आइपर्न सक्ने वित्तीय आवश्यकतालाई सानै उमेरदेखि नै सम्बोधन गर्ने गरी बचत मै मुद्धती सरहको ब्याज पाइने महालक्ष्मी बाल बचत रिकरिङ्ग डिपोजिट एकाउण्ट सञ्चालनमा ल्याएको छ।

यस खाता अन्तर्गत बचतकर्ताले १ वर्ष देखी १० वर्ष सम्म मासिक वा त्रैमासिक रुपमा एक निश्चित रकम निरन्तर रुपमा बचत गर्न सक्नेछन् जसबाट १ वर्षको व्यक्तिगत मुद्धती बराबरकै ब्याजको लाभ लिन सक्नेछन। अभिभावक द्धारा सञ्चालन गर्न सकिने यस खातामा अवधी समाप्ती पश्चात एक मुष्ट रकम प्राप्त गर्न सकिनेछ। मुद्धती खाता जस्तो धैरै रकम पनि नचाहिने, मात्र रु ५०० बाट समेत शुरुवात गर्न सकिने, ब्याज पनि आकर्षक पाइने, भोलिको दिनमा एकमुष्ट प्राप्त हुने रकमबाट आफ्नो बालबालिकाहरुको शिक्षा दिक्षा तथा अन्य वित्तीय आवाश्यकताहरुको परिपूर्ति गर्न

समेत सहज हुने भएकोले महालक्ष्मी बाल बचत रिकरिङ्ग डिपोजिट खाता ग्राहकहरुको लागि एक उत्तम खाता हुन सक्ने विश्वास बैंकले लिएको छ।



# विभिन्न संस्थागत सामाजिक उत्तरदायित्वका कार्यक्रमहरु सम्पन्न

महालक्ष्मी विकास बैंक लि. ले स्थापनाकालदेखि नै विभिन्न संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत आफ्ना शाखाहरु मार्फत विभिन्न कार्यहरु गर्दै आएको छ। देशैभरी फैलिएका यस महालक्ष्मी विकास बैंक लि. का विभिन्न शाखाहरुमार्फत अनवरत रुपमा शिक्षा, स्वास्थ्य, वातावरणीय सरसफाई जस्ता प्रमुख क्षेत्रहरुमा उल्लेखनीय योगदान दिने कार्यलाई निरन्तरता दिँदै आर्थिक वर्ष २०८१/८२ को तेस्रो त्रैमासमा निम्न बमोजिमका सामाजिक हितका कार्यहरु गरिएको छ।

## महालक्ष्मी विकास बैंकद्वारा नेपाल प्रहरीलाई सहयोग




महालक्ष्मी विकास बैंक लिमिटेडद्वारा संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत प्रहरी वृत्त मालीगाँउलाई सामाजिक जनचेतनामुलक पुस्तिका र रिफ्लेक्टिभ बेल्ट वितरण गरेको छ।

बैंकको केन्द्रिय कार्यालय, दरबारमार्गले प्रहरी वृत्त मालीगाँउलाई अपराधिक क्रियाकलापलाई नियन्त्रण गर्न, सार्वजनिक सुरक्षा तथा अमनचयन कायम राख्न, सम्भावित अपराधको रोकथाम, तथा नियन्त्रण कार्यमा सहयोग पुऱ्याउने उद्देश्यले जनचेतनामुलक पुस्तिका र रिफ्लेक्टिभ बेल्टहरु हस्तान्तरण गरेको हो । यसबाट मालीगाँउ वडा क्षेत्र वरपरको सुरक्षा व्यवस्थालाई थप मजबुत बनाउन सहयोग पुग्ने विश्वास बैंकले लिएको छ । सामुदायिक प्रहरी सेवाकेन्द्र, कालोपुलका बरिष्ठ प्रहरी नायब निरीक्षक बसन्त थापालाई बैंकका निक्षेप बजारिकरण तथा संस्थागत सम्पर्क विभागकका कर्मचारीहरुले उक्त सामाग्री हस्तान्तरण गर्नु भएको हो।

## भुपेन्द्र बुढा स्मृती क्यापिएन सी–क्याप लाई आर्थिक सहयोग

पाठेघरको मुखको क्यान्सर रोकथाम र उपचारको लागि विभिन्न जनचेतनामुलक कार्यक्रम सञ्चालन गर्न बैंकले भुपेन्द्र बुढा स्मृती क्यापिएन सी-क्याप (Campaign-Cervical Cancer Awareness Program) कार्यक्रमलाई आर्थिक सहयोग गरेको छ।

रुकुम पुर्व, बाग्लुङ्ग, म्याग्दी, कालिकोट, पर्सा, बैतडी, बाजुरका विभिन्न गाँउपालिकाहरुमा सञ्चालन हुने उक्त कार्यत्रममा महिलाहरुलाई क्यान्सरको प्रारम्भिक लक्षण र रोकथामका उपायहरुको बारेमा जानकारी दिने, HPV (Human papillomavirus) खोपको बारेमा जानकारी दिने, स्वास्थ्य जाँच र पाप स्मियर परिक्षण लगायतका कार्यहरुको लागि बैंकले सहयोग गरेको हो । यसबाट क्यान्सरको रोकथाम, सही जाँच र उपचारले महिलाहरुलाई स्वास्थ्य र समृद्ध जीवन विताउन सहज हुने विश्वास बैंकले लिएको छ।

## स्पाइनल इन्जुरी संघ नेपाललाई आर्थिक सहयोग

मेरुदण्डमा चोटपटक व्यहोरेका व्यक्तिहरुलाई समग्र पुर्नस्थापना र हेरचाहको लागि कार्य गर्दै आइरहेको गैर नाफामुखी सस्था स्पाइनल इन्जुरी संघ नेपालले सञ्चालन गरेको स्पाइनल इन्जुरी पुर्नस्थापना केन्द्रलाई बैंकले आर्थिक सहयोग गरेको छ।

मेरुदण्डमा चोटपटक र न्यूरोलोजिकल समस्याबाट प्रभावित व्यक्तिहरुलाई आफ्नो समुदायमा सकेसम्म स्वतन्त्र रुपमा बाँच्न पाउने अधिकार प्राप्त गर्न सक्षम बनाउने, शारिरिक, सामाजिक, आर्थिक र मानसिक पुनर्स्थापना कार्यक्रमहरु सञ्चालन गर्ने, चेतना अभिवृद्धि तथा तालिम र सीप विकासको लागि स्पाइनल इन्जुरी पुर्नस्थापना केन्द्रले उक्त रकम खर्च गर्नेछ।

## बाल सारथी एकेडेमीलाई आर्थिक सहयोग

सामुदायिक विकास र समाज कल्याण क्षेत्रमा कार्यरत सारथी एकेडेमी नामक गैर नाफामुखी संस्थालाई पिछडिएका र सिमान्तकृत बालबालिका, महिला तथा पुरुषहरुको जीवनस्तर उकास्न, व्यवसायिक सीप, स्वास्थ्य, लैङ्गिक समानता प्रवर्द्धन र मनोसामाजिक क्षेत्रमा तथा शैक्षिक कार्यक्रमहरु सञ्चालन गर्न बैंकले आर्थिक सहयोग गरेको छ।

यस सहयोगबाट पिछडिएका र सीमान्तकृत बालबालिकहरुले शिक्षा आर्जन गर्न तथा ब्यावहारिक ज्ञान, जीवन सीप तथा आत्मविश्वामा अभिवृद्धि गर्न सहयोग पुग्ने विश्वास बैंकले लिएको छ।

## विभिन्न सामुदायिक विद्यालयका विद्यार्थीहरुलाई पोशाक उपलब्ध गराउन आर्थिक सहयोग

धनगढी उपमहानगरपालिका, नगरपालिकाको कार्यालयको सहकार्यमा धनगढी उपमहानगरपालिका अन्तर्गतका ग्रामीण क्षेत्रमा सञ्चालित सामुदायिक (सरकारी) विद्यालयका छात्रा र विपन्न वर्गका विद्यार्थीहरुलाई निःशुल्क पोशाक तथा शैक्षिक सामाग्रीहरु उपलब्ध गराउन बैंकले आर्थिक सहयोग गरेको छ।

यस कार्यबाट विद्यार्थीहरुले सहज रुपमा शिक्षा हासिल गर्न सहयोग पुग्ने विश्वास बैंकले लिएको छ।

## फोहोरमैला व्यवस्थापनको लागि डस्टबिन वितरण



महालक्ष्मी विकास बैंकको हेटौंडा शाखाद्वारा हेटौंडा उपमहानगरपालिका, ४ नं, वडा कार्यालयसँगको सहकार्यमा हेटौंडा बजारको घनाबस्तीमा रहेको हेटौंडा ४ नम्बर वडामा फोहोरमैला व्यवस्थापनको लागि ३० थान डस्टविन सहयोग गरेको छ। बैंकको सामुदायिक सरसफाइमा योगदान पुर्याउने दीर्घकालिन प्रतिबद्धता अनुरुप यस पहल मार्फत स्वास्थ र सफा वातावरण निर्माणमा सहकार्य गरिएको हो । साथै यस कार्यबाट क्षेत्रमा स्वच्छता र हरियाली प्रवर्द्धन गर्ने सहयोग पुग्ने विश्वास बैंकले लिएको छ।

## महालक्ष्मी घर-दैलो कार्यक्रम सम्पन्न

बैंकका १०३ वटै शाखाहरु मार्फत हरेक महिना कम्तिमा पनि एउटा घर-दैलो कार्यक्रम सञ्चालन हुँदै आईरहेको छ। आर्थिक बर्ष २०८१/८२ को तेस्रो त्रैमासमा विभिन्न शाखाहरु मार्फत सम्पन्न भएका घर-दैलो कार्यक्रमहरुका केही झलकहरुः









बैंकको शाखा कार्यालयहरु विरगंज, पिपल्ला र ढल्केवर शाखाले आयोजना गरेको घरदैलो कार्यक्रमका केही झलकहरु

## Training Details of 3rd Quarter, Fiscal Year 2081/82

| SN | Training/Seminar/Cpnferences | Date (From) | Date (To) | Number of Participants |
|---|---|---|---|---|
| 1 | Comprehensive Course on Credit Management | 2081/11/02 | 2081/11/03 | 24 |
| 2 | Challenges in Managing NPAs: Current Trends & Way Forward | 2081/10/13 | 2081/10/13 | 2 |
| 3 | Legal Conference under the Joint Auspices of High Court Bar Association Patan & DBAN | 2081/10/14 | 2081/10/14 | 5 |
| 4 | Management Development Program- The Right Mindset & Communication | 2081/10/25 | 2081/10/27 | 3 |
| 5 | Comprehensive Course on Credit Management | 2081/11/02 | 2081/11/07 | 33 |
| 6 | Power BI | 2081/10/27 | 2081/11/07 | 1 |
| 7 | Sales, Marketing & Negotiation Skill Enhancement | 2081/11/07 | 2081/11/07 | 19 |
| 8 | Cyber Security in the Digital Economy: Defend, Protect & Innovate | 2081/11/08 | 2081/11/08 | 1 |
| 9 | Use of AI in Banking & Role of AI in Digital Transformation | 2081/11/02 | 2081/11/03 | 2 |
| 10 | Using AI for performance enhancement & data driven decision making for HR | 2081/11/15 | 2081/11/16 | 2 |
| 11 | Comprehensive Course on Credit Management | 2081/10/26 | 2081/10/26 | 45 |
| 12 | Leadership & Vision Alignment & Customer Service Experience | 2081/12/01 | 2081/12/02 | 40 |
| 13 | Leadership, Mindfulness & Team Building | 2081/11/15 | 2081/11/16 | 148 |
| 14 | Digital Banking & Cyber Fraud Conference | 2081/11/21 | 2081/11/21 | 1 |
| 15 | Working Capital Management & Regulatory Guidelines | 2081/12/08 | 2081/12/09 | 1 |
| 16 | Working Capital Management & Regulatory Guidelines | 2081/11/23 | 2081/11/24 | 1 |
| 17 | Credit Risk Mitigation & NPA Recovery | 2081/11/27 | 2081/11/28 | 1 |
| 18 | Credit Risk Mitigation & NPA Recovery | 2081/11/24 | 2081/11/25 | 1 |
| 19 | Digital Leadership & Fintech Transformation | 2081/12/02 | 2081/12/10 | 2 |
| 20 | HR Meet- 2025 | 2081/12/13 | 2081/12/14 | 6 |
| | Total | | | 338 |



२०८१/१२/०१ देखि २०८१/१२/१२ सम्म पोखरामा आयोजित "Leadership and Vision Alignment & Customer Service Excellence" शीर्षक अन्तर्गत आयोजित तालिम कार्यक्रम



२०८१/१०/२६ मा "Comprehensive Course on Credit Management" शीर्षक अन्तर्गत सिमरामा आयोजित तालिम कार्यक्रम



२०८१/१२/०२ मा "Customer Service Experiance" शीर्षक अन्तर्गत पोखरामा आयोजित तालिम कार्यक्रम



२०८१/११/०७ मा "Sales, Marketing and Negotiation Skills" शीर्षक अन्तर्गत इटहरीमा आयोजित तालिम कार्यक्रम

# ग्राहकहरुलाई विभिन्न संस्थाका सेवाहरुमा विशेष छुट

महालक्ष्मी विकास बैंकका डेबिट अथवा क्रेडिट कार्ड तथा मोबाइल बैंकिङ्ग प्रयोग गर्ने ग्राहकहरुले विभिन्न संस्थाहरुका विभिन्न सेवाहरुमा विशेष छुट प्राप्त गर्न सक्छन् । उक्त संस्थाहरु र प्राप्त गर्न सकिने छुट निम्नलिखित छन्ः

| S.N | Particulars | Address | Discount on | Discount up to |
|---|---|---|---|---|
| 1 | Dee International | Biratnagar, Morang | For all kinds of Electronic Home Appliances | 15% |
| 2 | Manakamana Darshan | Kurintar,Manakamana | Purchase of Cablecar ticket | 10% |
| 3 | Annapurna Cable Car Ltd | Sedi, Pokhara Nepal | Purchase of Cable Car Tickets | 15% |

## Monthly Saving Account Opening Target Acheivers Third Quarter Fiscal Year 2081/82

| Magh 2081 |
|---|
| DAMAULI |
| PRASAUNI |
| KHADICHOUR |
| RAJAPUR |
| RUKUM |
| MANGALSEN |

| Falgun 2081 |
|---|
| BIRTAMOD |
| MAHILWAR(LBN) |
| CHANDRAUTA |
| RAJAPUR |
| TULSIPUR |
| BICHBAZAR(DHD) |
| PRASAUNI |
| GONGABU |
| RUKUM |
| SURKHET |
| PALUNG |


| Chaitra 2081 | |
|---|---|
| PALUNG | BETHARI |
| SHREEPUR(BRG) | CHIPLEDHUNGA (PKR) |
| RUPANI | SISUWA |
| PRASAUNI | MAHILWAR(LBN) |
| MANIGRAM | THUTIPIPAL |
| DHALKEBAR | SURKHET |
| BIJAYPUR(PKR) | SANFEBAGAR |
| BHAIRAWA | RUKUM |
| CHANDRAUTA | PIPALLA |
| GONGABU | BANSGADHI |
| RAJAPUR | LALBANDI |
| PARASI | MARTADI-BAJURA BRANC |
| BASUNDHARA | |

## Monthly Loan Target Achivers Third Quarter, Fiscal Year 2081/82

| Magh 2081 | |
|---|---|
| Bhatbhateni | Lamahi |
| Dallu | Shankhamul |
| Durbar Margh | Tandi-Ratnanagar |
| Gongabu | Thutepipal |
| Jhamsikhel Branch | |
| Kalimati | |

| Falgun 2081 |
|---|
| Bhatbhateni |
| Dallu |
| Durbar Margh |
| Gongabu |
| Kalimati |
| Lamahi |

| Chaitra 2081 | |
|---|---|
| Bhairawa | Lahan |
| Bhatbhateni | Lamahi |
| Dallu | Nayabazar (PKR) |
| Dhalkebar | Thutepipal |
| Durbar Margh | |
| Gongabu | |
| Kalimati | |


महालक्ष्मी विकास बैंक लि.
Mahalaxmi Bikas Bank Ltd.
सबल बैंक, सफल सहकार्य
MOST CUSTOMER-CENTRIC BANK OF THE YEAR 2025
BPA 2018
SAFA 2018
L&D BFIN 2023
ISO
नयाँ बर्ष, नयाँ घर
नयाँ वर्ष, नयाँ सुरुवात
आफ्नै नयाँ घरको साथ
७.९९%*
न्यूनतम ब्याजदरमा हाम्रो
ग्रीन होम लोन
*सर्तहरु लागू हुनेछन्
www.mahalaxmibank.com

# आजको बचत
# भोलिको खुशी !




*Published by Mahalaxmi Bikas Bank*

महालक्ष्मी विकास बैंक लि.
**Mahalaxmi Bikas Bank Ltd.**
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको राष्ट्रियस्तरको इजाजत प्राप्त संस्था।
सबल बैंक सफल सहकार्य

2nd Floor Annapurna Arcade II
Durbarmarg, Kathmandu, Nepal
Phone No.: +977-01-5368719, 5368720
Toll Free No.: 16600115015
Email: info@mahalaxmibank.com.np
Website: www.mahalaxmibank.com